९) तोकिएको म्यादभित्र पेश हुन आएका सिलबन्दी पत्रहरुको मुल्याँकन गाउँ कार्यपालिकाको कार्यालयबाट तोकिएको मुल्यांकन समितिबाट गरिनेछ ।

१०). मुल्याकन समितिबाट भएको मुल्याकनको आधारमा सबै भन्दा बढी रकम कवोल गरी बुझाउने व्यक्ती वा फर्मलाई कर संकलन गर्न अख्तियारी सहित सम्झौता गरिनेछ ।

११). माथि उल्लेखित स्थानहरु मध्ये बार्षिक रुपमा गाउँपालिकालाई बुझाउनु पर्ने न्यूनतम रकम शनिश्चरे साप्ताहिक रुपमा लाग्ने हाटवजारबाट रु १५,०००।०० (अक्षरेपी पन्ध्र हजार रुपैया) र ओखेमा लाग्ने विहीवारे हाटबजारमा रु १२,०००।०० (अक्षरेपी बाह्र हजार रुपैया) कायम गरिएको छ ।

१२) माथि उल्लेखित न्यूनतम रकमलाई आधार मानि सो भन्दा बढी रकम कवोल गर्ने प्रस्तावदाता मध्ये सबै भन्दा बढी रकम कबोल गर्ने प्रस्तावदातालाई कर संकलन गर्न छनौट गरी सम्झौता गरिनेछ ।

१३) पटके सवारी करको सम्वन्धमा यस गाउँपालिका क्षेत्र बाहिर दर्ता भई सञ्चालनमा रहेका सवारी साधन हरु यस गाउँपालिका क्षेत्र भित्र प्रवेश गर्दा वा बाहिर जादा दैनिक एकपटक मात्र तोकिएको दर रेट बमोजिम संकलन गर्नु पर्ने छ ।

१४) पटके सवारी साधन करको न्यनतम बार्षिक रकम रु ३०,०००।०० (अक्षरेपी तीस हजार रुपैया) कायम गरिएको छ । सो न्यनतम रकम भन्दा बढी रकम कबोल गर्ने प्रस्ताव दाता मध्ये सबै भन्दा बढी रकम कबोल गर्ने प्रस्तावदाता लाई मुल्याकन समितिको सिफारिस अनुसार छनौट गरिने छ ।

१५) माथि उल्लेखित दुवै प्रकारका कर संकलन गर्न इच्छुक व्यक्ति वा फर्महरुले कार्यालयले तोकेको दरखास्त फारम भरी प्रस्ताव पेश गर्नु पर्ने छ । उक्त दरखास्त फारम रु ३००।०० दस्तर तिरी कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

१६) दरभाउपत्र स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार छथर गाउँ कार्यपालिकाको कार्यालय, तेह्रथुममा निहित रहनेछ । अन्य कुराहरु बुझ्न परेमा कार्यालय समयमा यस कार्यालयमा सम्पर्क राखि बुझ्न सकिनेछ ।

(सूर्यबहादुर भण्डारी)
प्रमुख प्रशासकीय अधिकृत